पोखरा महानगरपालिका

कास्की

गण्डकी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

वर्ष : ६   पोखरा   खण्ड : ६६   प्रमाणित मितिः २०७९ श्रावण २४ गते

## भाग २

## पोखरा महानगरपालिका

## स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापन समिति कार्यविधि २०७९

## पोखरा महानगरपालिका

## स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापन समिति कार्यविधि २०७९

**प्रस्तावना** : पोखरा महानगरपालिका भित्र स्वास्थ्य सेवामा प्रबर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन गर्न, पोखरा महानगरपालिका मातहत संचालित स्वास्थ्य संस्थाहरुको काम कारवाही गुणस्तरीय एवम चुस्त दुरुस्त बनाई प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउनुका साथै महानगरपालिकामा संचालन हुने स्वास्थ्य कार्यक्रमहरुलाई व्यवस्थित बनाई संचालन गर्न महानगर स्वास्थ्य समिति गठन गर्न वान्छनीय भएकोले नेपालको संविधान धारा २१४ बमोजिम अनुसुची ८ र ९, स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (२) भ (१) एवं दफा १०२ को अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरि लागू गरिएको छ।

### परिच्छेद–१

१. **नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “पोखरा महानगरपालिका, स्वास्थ्य सेवा संचालन तथा व्यव्स्थापन समिति कार्यविधि २०७९” रहनेछ।

(२) यो कार्यविधि नगरकार्यपालिकाले स्वीकृत गरि प्रमाणित गरेको मिति देखि लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) “**महानगरपालिका**” भन्नाले पोखरा महानगरपालिका सम्भनु पर्दछ।

(२) “**कार्यपालिका**” भन्नाले संविधानको धारा २१६ बमोजिम गठित पोखरा महा नगरपालिकाको नगर कार्यपालिका सम्भनु पर्दछ।

(३) “**प्रमुख**” भन्नाले पोखरा महानगरपालिकाका प्रमुख सम्भनु पर्दछ।

(४) “**उप–प्रमुख**” भन्नाले पोखरा महानगरपालिकाका उप-प्रमुख सम्भनु पर्दछ।

(५) “**प्रमुख प्रशासकिय अधिकृत**” भन्नाले महा नगरकार्यपालिकाका प्रमुख प्रशासकिय अधिकृत सम्भनु पर्दछ।

(६) "**स्वास्थ्य संस्था**" भन्नाले पोखरा महानगरपालिका अन्तर्गतका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य प्रबर्धन केन्द्र, शहरी स्वास्थ्य केन्द्र, आर्युवेद औषधालयहरुलाई समेत सम्झनु पर्दछ ।

(७) "**समिति**" भन्नाले महानगरपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य कार्यक्रमहरुलाई व्यवस्थित ढंगबाट सञ्चालन गर्न पोखरा महानगरपालिकाले गठन गरेको स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(८) "**अध्यक्ष**" भन्नाले पोखरा महानगरपालिका, स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापन समितिको अध्यक्षलाई संझनु पर्दछ ।

(९) "**सदस्य सचिव**" भन्नाले पोखरा महानगरपालिका, स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापन समितिको सदस्य सचिवलाई संझनु पर्दछ ।

## परिच्छेद–२

३. **कार्यविधिको उद्देश्य** : यस कार्यविधिको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछ।

(क) आधारभूत स्वास्थ्य सेवालाई जनताको मौलिक अधिकारकोरुपमा स्थापित गर्दै आफ्नो आवश्यकता अनुरुपको स्वास्थ्य सेवा आँफै व्यवस्थापन गर्न स्थानीय श्रोतको सदुपयोग र जनसहभागिता परिचालन गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

(ख) स्वास्थ्य संस्थामा उपलब्ध हुने साधन र श्रोतको अधिकतम परिचालन गरी स्थानीयस्तरबाट प्रवाह गरिने स्वास्थ्य सेवालाई पारदर्शि एवम जवाफदेहिरुपमा संचालन गर्ने, जनतालाई छिटो छरितो र प्रभावकारीरुपले स्वास्थ्य सेवा प्रदान गर्ने तथा स्वास्थ्य सेवालाई निरन्त विस्तार र विकसित गर्दै लैजाने ।

(ग) महानगरमा संचालन गर्ने र गराईने स्वास्थ्य सम्बन्धि कार्यहरु, कार्यक्रमहरु तथा वित्तिय व्यवस्थापन लगायतका विषयहरुलाई

व्यवस्थित र पारदर्शी बनाउने ।

(घ) स्वास्थ्यसंग सम्बन्धित महामारी तथा विपदहरुको व्यवस्थापन गर्ने गराउने ।

(ङ) महानगरपालिका क्षेत्र भित्र स्वास्थ्य सस्था दर्ता, नबिकरण, स्तरोन्नती सम्बन्धि कार्यहरु गर्ने साथै अनुगमन तथा नियमन गर्ने गराउने ।

४. **समितिको गठन** : पोखरा महानगरपालिकाले देहायबमोजिम स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापन समिति गठन गर्नेछ ।

४.१ **महानगर स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापन समिति**

| | | |
|---|---|---|
| १ | महानगरपालिकाका प्रमुख | अध्यक्ष |
| २ | सम्बन्धित क्षेत्रको विज्ञहरु मध्येबाट प्रमुखले तोके को व्यक्ति | उपाध्यक्ष |
| ३ | अध्यक्षले तोकेको कार्यपालिका सदस्य मध्येबाट एक जना महिला सहित ३ जना | सदस्य |
| ४ | अध्यक्षले तोकेको विषय विज्ञ १ जना | सदस्य |
| ५ | स्वास्थ्य महाशाखा प्रमुख | सदस्य सचिव |

६. **समितिको पदावधि** : (१) समितिका पदेन पदाधिकारीहरुको पदावधि सो पदमा कायम रहेसम्म रहनेछ । मनोनयन हुने पदाधिकारीहरुको पदाबधि मनोनयन गर्दा तोके बमोजिम हुने छ ।

७. **बैठक सम्बन्धि व्यवस्था** : (१) पोखरा महानगर स्वास्थ्य समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

(२) समितिको बैठक ३ महिनाको एकपटक वा अध्यक्षले तोके वमोजिम वा आवश्यकताको आधारमा बस्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिका अध्यक्षले र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछन् ।

(४) बैठकको निर्णय प्रमाणिकरण समितिका अध्यक्ष र सदस्य सचिबले गर्नेछन् ।

८. **गणपुरक संख्या** : (१) समितिको बैठकमा कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ। बैठकको निर्णय वहुमतको आधारमा हुनेछ।

स्पष्टिकरणः समितिको बैठकमा समितिले आवश्यका अनुशर कुनै पदाधिकारी, महाशाखा, शाखा प्रमुख, विषय बिज्ञ, स्वास्थ्य क्षेत्रमा योगदान दिन सक्ने संघसस्थाका प्रतिनीधि वा व्यक्तिलाई आमन्त्रण गर्न सक्ने छ।

९. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) संघीय सरकार, प्रदेश सरकार तथा महानगरपालिकाबाट स्विकृत ऐन, कानुन, नियमावली, कार्यविधि ,नीति निर्देशिका बमोजिम स्वास्थ्य क्षेत्रमा आवश्यक स्थानीय स्वास्थ्य सम्बन्धि कानून, नीति, रणनीति, निर्देशिका, मापदण्डहरु तयारी सम्बन्धमा आवश्यक मार्गदर्शन, सहयोग तथा सहजीकरण गर्ने।

(२) महानगर भित्रका स्वास्थ्य क्षेत्रका कार्यक्रमहरु संचालन कार्यान्वयन गर्न आवश्यक निर्देशन तथा सहयोग गर्ने।

(३) महानगरपालिकाको स्वास्थ्य सम्बन्धि नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि आवश्यक श्रोत बिनियोजन गर्ने सम्बन्धमा सहजीकरण गर्ने।

(४) स्वास्थ्य महाशाखाको प्रस्ताव अनुसार महानगर अर्न्तगत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र एवम अन्य स्वास्थ्य संस्थाहरुको स्थापना, स्तरोन्ती, स्थानान्तरण, संस्थागत विकास, संगठन तथा व्यवस्थापन लगायतका विषयहरुमा निर्देशन तथा कार्यान्वयन गर्ने।

(५) नीजि तथा गैरसरकारी क्षेत्रमा कार्यरत संघ संस्थाहरुसँग सम्बन्धित नीति, योजना तथा मापदण्डहरु तयार तथा लागू गर्न आवश्यक निर्देशन गर्ने।

(६) महानगर पालिका क्षेत्र भित्र स्वास्थ्य सस्था दर्ता, नबिकरण, स्तरोन्नती सम्बन्धि कार्यहरु, अनुगमन तथा नियमन गर्ने गराउने।

(७) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक बितरणको आधारमा प्राथामिकताका क्षेत्रहरु निर्धारण गर्ने ।

(८) पोखरा महानगरपालिका क्षेत्र भित्र हुनसक्ने स्वास्थ्यसंग सम्बन्धित महामारी तथा विपतहरुको तत्काल व्यवस्थापनका लागि आवश्यक पर्ने आर्थिक, मानवीय, स्वास्थ्य सामाग्री लगायतको व्यवस्थापन गर्ने गराउने ।

(९) स्वास्थ्य सम्बन्धी बहुक्षेत्रीय सरोकारका विषयहरुमा सरोकारवालाहरु बिच आवश्यक समन्वय गर्ने गराउने ।

(१०) महानगर स्वास्थ्य समितिले आवश्यक मानेका स्वास्थ्य सम्बन्धी अनुसन्धान कार्यका लागी नीतिगत व्यवस्था तथा आर्थिक श्रोत व्यवस्थापन गर्ने गराउने ।

(११) स्वास्थ्य कार्यक्रमहरुको प्रगति समिक्षा गरी गराई आगामी कार्यक्रमहरुको योजना बनाई पेश गरी कार्यान्वयन गर्न लगाउने ।

(१२) महानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने

(१३) स्वास्थ्य महाशाखालाई आवश्यक सहयोग, सुझाव र निर्देशन दिने ।

## परिच्छेद–३

**१०. अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) समितिको बैठक वोलाउन सदस्य सचिवलाई निर्देशन दिने ।

(२) समितिको बैठकको अध्यक्षता ग्रहण गर्ने ।

(३) आवश्यकता अनुसार उपसमिति गठन गरी वा समितिका सदस्यहरुलाई जिम्मेवारी तोकी काममा लगाउने ।

(४) समितिले गरेका निर्णयहरु कार्यान्वयन सम्बन्धमा आवश्यक सहयोग, सुझाव, अनुगमन तथा निर्देशन प्रदान गर्ने ।

**११. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :** (१) अध्यक्षको अनुपस्थितिमा

अध्यक्षको काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने ।

२. अध्यक्षले तोके बमोजिमका कार्यहरु गर्ने गराउने ।

१२. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार** :

(१) अध्यक्षको निर्देशनमा समितिको सदस्य सचिवको हैसियतले बैठक आव्हान गर्ने

(२) समितिको बैठकमा प्रतिवेदन पेश गर्ने

(३) समितिको बैठकका एजेण्डाहरुमा छलफल तथा निर्णय गराउने

(४) समितिको बैठकका निर्णयहरु कार्यान्वयन गराउने तथा कार्यप्रगति समिक्षा गर्ने

(५) समितिको निर्णय अनुसारका अन्य कार्यहरु गर्ने गराउने ।

(६) समितिको सिफारिस अनुसार अन्तर महाशाखा सहकार्य र समन्वय गर्ने।

(७) समितिसंग सम्बन्धित निर्णय पुस्तिका लगायत अन्य कागजातहरु सुरक्षित राख्ने ।

(८) स्वास्थ्य कार्यक्रमहरुको प्रगति बिबरण पेश गर्ने ।

१३. **सदस्यको काम, कर्तव्य र अधिकार** : समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार देहायअनुसार हुनेछ ।

(१) अध्यक्षको निर्देशन अनुसार बैठकमा सहभागी हुने ।

(२) बैठकमा पेश भएका एजेण्डाहरुको विषयमा छलफल गर्ने

(३) अन्तर महाशाखा सहकार्य, समन्वय र सहयोगका क्षेत्रमा सहयोगी भूमिका खेल्ने ।

(४) स्वास्थ्य क्षेत्रसँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, सोध, अनुसन्धान लगायतका क्षेत्रमा सहयोग तथा सहजीकरण गर्ने ।

(५) समितिले तोकेको कार्यहरु गर्ने गराउने ।

## परिच्छेद–४

१५. **खारेजी र बचाउ** : (१) यस कार्यविधिमा लेखिए बमोजिमको व्यवस्था बाहेकका अन्य कार्य तथा व्यवस्थाहरु स्वास्थ्य सेवा ऐन २०५३, स्थानीय सरकार संचालन ऐन २०७४, नेपाल सरकार, गण्डकी प्रदेश सरकार तथा पोखरा महानगरपालिकाले तोके बमोजिम हुनेछ।

(२) यस भन्दा अगाडी भए गरेका कार्यहरु यसै कार्यविधि अनुसार भए गरेको मानिने छ।

**प्रकाशन मिति : २०७९ श्रावण २४ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**